

# अध्याय -११

## सुसमाचार नपुगेको ठाउँमा सुसमाचार पुऱ्याउनुः भाग २

यस अध्यायका मूल पदहरूः १ राजा ११:१-६; मत्ती ४:२३-२५; मत्ती १५:२२-२८; मर्कूस ७:२४-३०; प्रेरित १०:३४, मत्ती ८:१०।

यस अध्यायको मूल सार पदः "*तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली।*"*मत्ती १५:२८।*

सुरुदेखिनै प्रिय परमेश्वरले उहाँबाट हराएर गएका वा स्वेच्छाले अलग हुन चाहने उहाँका छोराछोरीहरूलाई खोज्नुभएको थियो (उत्पत्ति १५:२८)। आजसम्म हाम्रै युगमा पनि त्यही प्रेमिलो परमेश्वरले उहाँबाट बिरानो हुन चाहनेहरूलाई अझै खोजिरहनुभएको छ (प्रकाश १४:६-१२)। सहरहरूका रमझमा पनि कतिपय मानिसहरू छन् जो परमेश्वरबाट छुटपाट भएर बसेका छन्। संयुक्त राष्ट्रसँघले २०१८ मा खोज अनसुन्धान गरेको अनुसार विश्वका ५५ प्रतिशत मानिसहरू सहरमा बस्दछन् र **२०५० सम्ममा त्यो बढेर** ६८ प्रतिशत हुनेछ भनेको छ। त्यसकारण, हाम्रो सुसमाचार सुनाउने अभियान केवल गाउँ घरमा मात्रै होइन सहरहरूमा पनि हुनु अति आवश्यक छ।

तर, परमेश्वरका धेरै मानिसहरू योना जस्तैछन्।सहरहरूमा सुसमाचारीय काम गर्न अऱ्हाउँदा गाउँघरमै काम गर्न रुचाउँछन्। जेसुकै कारण भएतापनि तिनीहरू आफ्नो कामबाट भागिरहेका छन्। "अघिअघि

लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं।" रोमी १५:४। अरू थोकहरूबाहेक योनाको बारेमा लेखिएको पनि समावेश भएको छ।

जब येशू यस संसारमा रहनुहुँदा उहाँले इस्राएलका गाउँघर र सहरहरूमामात्र होइन विदेशका गाउँसहरहरूमा सेवा गर्नुभएको थियो। ती सहरहरू यहूदी राष्ट्र र परमेश्वरका चुनिएका जनहरूभन्दा बाहिर जातिमा थिए।

*इस्राएलको सिमानाबाट बाहिरका क्षेत्रहरू टुरोस र सिडोन वा आधुनिक लेबनानमा येशूले सम्पन्न गर्नुभएको लक्ष्यको बारेमा यस अध्यायमा हामी अध्ययन गर्नेछौं। त्यस अध्ययनबाट हाम्रै जीवनमा के पाठ सिक्नसक्छौं सो नियाल्नेछौं।*

## १. आफू रहेका क्षेत्रहरूभन्दा बाहिर सुसमाचार सुनाउनु

आफ्ना चेलाहरूलाई गेनसरेतबाट (मत्ती १४:३४) टुरोस र सिडोनमा हिँडाउनुभएको थियो। (कम्तिमा पनि त्यो दुरी ५० माइल वा ८० किलोमिटर छ)। यहूदीहरूको क्षेत्र गालिलबाट ती अन्य जाति वा मूर्तिपूजा गर्ने क्षेत्रमा आफ्ना चेलाहरूलाई किन लानुभयो? गालिलमा सजिलैसँग सिक्न नसेका अमूल्य र उल्लेखनीय पाठ चेलाहरूलाई सिकाउन लामो यात्रामा उहाँ जानुभएको थियो। गाउँमा मात्र होइन संसारका सबै क्षेत्र वा सहरहरूमा पनि सुसमाचार सुनाउने तिनीहरूको लक्ष्य हुनुपर्छ भन्ने पाठ सिकाउन आफ्ना चेलाहरूसँग त्यो यात्रा गर्नुभएको थियो।

**उहाँहरू जानुभएको सहरहरूको पृष्ठभूमि थाहा पाउन देहायका वृतान्तहरू पढ्नुहोस्: "यी तिनै जातिहरू हुन् जसलाई परमेश्वरले ती इस्राएलीहरूलाई जाँच्नलाई छोड्नुभएको थियो, जसले कनानका लड़ाइँहरूको अनुभव पाएका थिएनन्। इस्राएलका आउने पुस्ताहरूलाई, अर्थात् जस-जसले पहिले युद्ध गर्न जानेका थिएनन्, तिनीहरूलाई कसरी लड़ाइँ गर्नुपर्ने सो सिकाउने उहाँको अभिप्राय थियो। ती जातिहरू यी नै हुन्: पलिश्तीहरूका पाँच शासकहरू, सबै कनानीहरू, सीदोनीहरू र लेबनानका पहाड़हरूमा बाल-हेर्मोन डाँड़ादेखि लेबो-हमातसम्म बस्ने हिव्वीहरू। उहाँको अभिप्रायचाहिँ मोशाद्वारा तिनीहरूका पिता-पुर्खाहरूलाई परमप्रभुले दिनुभएका आज्ञाहरू इस्राएलीहरूले पालन गर्छन् कि गर्दैनन् भनेर जाँच्नलाई थियो। यसरी इस्राएलीहरू कनानी, हित्ती, एमोरी,**

परिज्जी, हिव्वी र यबूसीहरूसँग रहन लागे। तिनीहरूले उनीहरूका छोरीहरू विवाह गरे, र आफ्नै छोरीहरू पनि उनीहरूका छोराहरूलाई विवाहमा दिए। र तिनीहरूले उनीहरूका देवताहरूलाई पनि पूजा गर्न लागे।" न्यायकर्ता ३:१-६; "सोलोमन आफ्ना पिताको सट्टामा राजा अभिषिक्त भएका छन् भनी जब टुरोसका राजा हीरामले सुने, तब उनले सोलोमनकहाँ राजदूतहरू पठाए, किनभने उनी सधैं दाऊदसँग मित्रभावमा बसेका थिए। सोलोमनले हीरामकहाँ यो खबर पठाएः "तपाईंलाई थाहा छ कि मेरा पिता दाऊदको विरुद्धमा चारैतिरबाट लड़ाइँहरू भएकाले, परमप्रभुले उहाँका शत्रुहरूलाई खुट्टामुनि नपारुञ्जेल परमप्रभु उहाँका परमेश्वरका नाउँको निम्ति उहाँले एउटा मन्दिर बनाउन सक्नुभएन। तर अब परमप्रभु मेरा परमेश्वरले मलाई चारैतिर विश्राम दिनुभएको छ, र मेरा विरोधी अथवा विपत्ति छैन। यसकारण मेरा पिता दाऊदलाई परमप्रभुले भन्नुभएबमोजिम परमेश्वरका नाउँको निम्ति एउटा मन्दिर बनाउने मैले निश्चय गरेको छु। परमेश्वरले दाऊदलाई यसो भन्नुभएको थियो, "तिम्रो छोरो, जसलाई म तिम्रो सट्टामा सिंहासनमा बसाल्नेछु, त्यसैले नै मेरो नाउँको निम्ति त्यो मन्दिर बनाउनेछ। "यसकारण मेरो निम्ति लेबनानबाट देवदारुका रूख काट्ने हुकुम दिनुहोस्। मेरा मानिसहरूले तपाईंका मानिसहरूसँग मिलेर काम गर्नेछन्, र तपाईंले जे ज्याला तोक्नुहुन्छ म तपाईंका मानिसहरूलाई दिनेछु। तपाईं जान्नुहुन्छ, सीदोनीहरूजस्तै रूखहरू ढाल्ने सिपालु हाम्रा कुनै मानिस छैन।" जब हीरामले सोलोमनको समाचार सुने, तब उनी अत्यन्तै खुशी भएर भने, "आज परमप्रभुको प्रशंसा होस्, किनकि उहाँले दाऊदलाई यस ठूलो प्रजामाथि शासन गर्नलाई एउटा बुद्धिमान् छोरा दिनुभएको छ।" उनले सोलोमनलाई यो समाचार पठाएः "तपाईंले पठाउनुभएको समाचार मैले पाएँ। देवदारु र सल्लाका काठको विषयमा तपाईंले माग्नुभएबमोजिम म सबै जुटाइदिनेछु। मेरा मानिसहरूले लेबनानबाट समुद्रसम्म मूढ़ाहरू झार्नेछन्, र ती बाँधेर तपाईंले तोक्नुभएको ठाउँमा बगाएर पठाउन लाउनेछु। म त्यहाँ ती खोल्न लाउनेछु, र तपाईंले ती लैजान सक्नुहुनेछ। अनि मेरा राजकीय घरानाको निम्ति तपाईंले खानेकुरा जुटाइदिएर तपाईंले मेरो इच्छा पूरा गरिदिनुहोस्।"

यसरी सोलोमनले चाहेका सबै देवदारु र सल्लाका मूढ़ाहरू हीरामले पठाइदिए, र सोलोमनले चाहिँ उनका घरानालाई खानका निम्ति पचास हजार

मुरी गहूँ र साढ़े चार हजार लिटर कुटेको भद्राक्षको तेल हीरामलाई पठाए। सोलोमनले यो वर्षैपिच्छे हीरामलाई पठाइदिए। आफूले प्रतिज्ञा गर्नुभएबमोजिम परमप्रभुले सोलोमनलाई बुद्धि दिनुभयो। हीराम र सोलोमनका बीचमा शान्तिको सम्बन्ध थियो, र ती दुवैले सन्धि बाँधे।" २ राजा ५:१-१२ र " तापनि सोलोमन राजाले फारोकी छोरीबाहेक धेरै विदेशी स्त्रीहरू, मोआबी, अम्मोनी, एदोमी, सीदोनी र हित्ती स्त्रीहरूसित प्रेम गरे। तिनीहरू ती जाति-जातिहरूका थिए, जसका विषयमा परमप्रभुले इस्राएलीहरूलाई भन्नुभएको थियो, "तिमीहरूले तिनीहरूसित पारस्परिक विवाह गर्नुहुँदैन, किनभने तिनीहरूले निश्चय नै तिमीहरूका हृदय तिनीहरूकै देवताहरूतिर बहकाउनेछन्।" तर पनि सोलोमन तिनीहरूप्रति प्रेममा ज्यादै मोहित भए। तिनका सात सय राजकुमारी पत्नी र तीन सय उपपत्नीहरू थिए, र तिनीहरूले तिनको हृदयलाई बहकाइदिए। सोलोमन वृद्ध हुँदा तिनका पत्नीहरूले तिनको मन अरू देवताहरूतर्फ फर्काइदिए, र तिनका आफ्ना पिता दाऊदझैं सम्पूर्ण रूपले परमप्रभु आफ्ना परमेश्वरका भक्त भएनन्। तिनी सीदोनीहरूकी अश्तोरेत देवी र अम्मोनीहरूको घिनलाग्दो देवता मोलोखको पछि लागे। यसरी सोलोमनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे, र आफ्ना पिता दाऊदले गरेझैं तिनी परमप्रभुको पछि पूरा रूपमा लागेनन्। सोलोमनले मोआबको घृणित देवता कमोश र अम्मोनीहरूको घिनलाग्दो देवता मोलोखको निम्ति यरूशलेमका पूर्वपट्टिको एउटा डाँड़ामा पूजा गर्ने अल्गो थान बनाए। यसरी नै तिनले आफ्ना विदेशी पत्नीहरूका निम्ति ती देवताहरूका पूजा पनि गरे, र तिनीहरूले आ-आफ्ना देवताहरूलाई होमबलि चढ़ाउँथे र धूप बाल्थे।" १ राजा ११:१-६।

इस्राएलीहरूको आस्थालाई जाँच्न परमेश्वरले ती पौराणिक मानिसहरूलाई प्रयोग गर्नुभएको थियो भनेर न्यायकर्ता ३:१-६ले बताउँछ। तर दुर्भाग्यबस, इस्राएलीहरू त्यस परिक्षमा फेल भएः "तिनीहरूले उनीहरूका छोरीहरू विवाह गरे, र आफ्नै छोरीहरू पनि उनीहरूका छोराहरूलाई विवाहमा दिए। र तिनीहरूले उनीहरूका देवताहरूलाई पनि पूजा गर्न लागे।" न्यायकर्ता ३:६। त्यसकारण, सुरुदेखिनै ती अन्य जातिहरू इस्राएलीहरूको निम्ति आस्थाको मामिलामा तगारो बनेका थिए।

सिदोनी र यहूदीहरूको बीचमा घनिष्ठ सम्बन्ध थियो भनेर १ राजा ५:१-११मा उल्लेख गरेको छ। आर्थक मामिलामा त्यो फाइदा नै थियो। तर

आर्थिक वा व्यापारिक कारोबारले गर्दा ती समूहका धर्म र मूर्तिपूजाको नकारात्मक प्रभाव यहूदीहरूमा थियो।

त्यो प्रभाव कतिको नकारात्मक बन्न पुगेको थियो भनेर १ राजा ११:१-९मा खुलस्त गरिएको छः राजा सोलोमन सिदोनीका राजकुमारीहरूलाई विवाह गरे र तिनीहरूले उनको आस्थालाई विचलित बनाए।" सोलोमन वृद्ध हुँदा तिनका पत्नीहरूले तिनको मन अरू देवताहरूतर्फ फर्काइदिए, र तिनका आफ्ना पिता दाऊदझैं सम्पूर्ण रूपले परमप्रभु आफ्ना परमेश्वरका भक्त भएनन्। तिनी सीदोनीहरूकी अश्तोरेत देवी र अम्मोनीहरूको घिनलाग्दो देवता मोलोखको पछि लागे। यसरी सोलोमनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे, र आफ्ना पिता दाऊदले गरेझैं तिनी परमप्रभुको पछि पूरा रूपमा लागेनन्।" १ राजा ११:५-६।

यद्यपि, ती देशका मानिसहरू मूर्तिपूजक र बाइबल सम्मत धर्ममा नलागेतापनि वा चुनिएका जातिलाई नकारात्मक प्रभावमा लगाएतापनि येशूले आफ्ना चेलाहरूलाई ती ठाउँहरूमा लैजानुभएको थियो। यसरी येशूले तिनीहरूलाई यी प्रमूख पाठहरू सिकाउनु भएको थियोः सहरहरूका रमझम, संस्कार, संरचना, पक्षपाती व्यवहार, गाउँका मानिसहरूलाई हेप्ने प्रवृत्तिहरूलाई तोड्दै उहाँका अनुयायीहरू सहरहरूमा पनि बहुआयामिक वा स्वस्थ लक्ष्यमा लाग्नुपर्छ भनेर उहाँले ती चेलाहरूलाई सिकाउन चाहनुभएको थियो। येशूको सुसमाचार कुनै राष्ट्र, समाज, संस्कार वा संस्कृतिमा निहित राख्नुहुन्न।

सहरहरूमा सुसमाचारीय काम गर्दा एडभेन्टिस्टहरूले धेरै चुनौतीको सामना गर्नुपर्छ। तिनीहरू प्रतिकूल स्वास्थ र वातावरणमा बस्नुपर्ने हुन्छ। सहरहरूमा रहँदा कतिपयको निम्ति अति महँगो हुन सक्छ, रंगभेद, पक्षपात, पक्षपात र धार्मिक स्वतन्त्रतामा आँच पनि आउन सक्छ। जे भएतापनि ती अवरोधहरू बाबजुद पनि सहरहरूमा हामी पुग्नै पर्छ।

***सहरहरूमा सुसमाचार सुनाउने चर्चका निकायहरूसँग मिलोमत्तोमा लागेर येशूको चाहना तपाईंले कसरी पूरा गर्न सक्नुहुन्छ?***

## २. भिँडहरूलाई खोज्दै

भित्र होस् वा बाहिर होस्, जुनसुकै चुनौतीहरू हामीले सामना गर्नुपरेतापनि येशूले अनुग्रहपूर्वक सहरहरूमा सुसमाचार सुनाउन हामीलाई आह्वान गर्नुहुन्छ।

**मत्ती ९:३५-३८मा प्रभु येशू भावुक हुनुभएर आफ्नो चाहना व्यक्त गर्नुभएको थियो। जब उहाँले भिँडहरूलाई देख्नुभयो तब उहाँले सुस्केरा हाल्दै चेलाहरूलाई के भन्नुभएको सो हेर्नुहोस्, के त्यो हाम्रो निम्ति पनि होइन र?" येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो। तर भीड़हरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालाविनाका भेड़ाहरूजस्तै हैरान र असहाय भएका थिए। तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्।"**

सहरमा पाइने भिँडहरूलाई हेरेर येशू करुणाले भरिएर भावुक हुनुभएको थियो। यरुशलेम सहरलाई हेरेर उहाँ रुनुभएको थियो भनेर लूका १९:४१ मा लेखिएको छ। आफ्ना सन्तानप्रति येशूको गहिरो प्रेम हामीले कहिल्यै पनि बुझ्न नसकौंला। सहरमा अनगिन्तियौं मानिसहरू छन् जो देखावटीरूपमा वा मुकुण्डो लगाएर खुशी भएको देखाएला। तर भित्रीरूपमा तिनीहरू असंतुष्ट र निराशका गंज्जीहरू लगाइ रहेका हुन्छन्। त्यसैकारण, तिनीहरूको निम्ति हामीले प्रार्थना गरोस् भनेर उहाँले अनुरोध गर्नुहुन्छ। उहाँ चाहनुहुन्छ कि हाम्रा नियत र हृदयहरू उहाँको जस्तै होउन्।

जब येशूले आफ्नो सेवाकार्य सुरु गर्नुभयो तब कुन् भौगोलिक क्षेत्रहरूबाट मानिसहरू उहाँकहाँ आएका थिए? हेर्नुहोस् "अनि येशू तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै, र मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो। उहाँको कीर्ति सिरियाभरि फिँजियो, र बिरामीहरू, अर्थात् विभिन्न प्रकारका रोग र पीडाले सताइएका, भूत लागेका, र छारेरोग लागेका, र पक्षाघात भएकाहरू सबैलाई मानिसहरूले उहाँकहाँ ल्याए। उहाँले तिनीहरूलाई निको

**पार्नुभयो। अनि गालील, डेकापोलिस, यरूशलेम, यहूदिया र यर्दन पारिदेखिका ठूला भीड़हरू उहाँको पछि लागे।" मत्ती ४:२३-२५।**

पूर्वमा रहेका डेकापोलिसका दश सहरी राज्यहरू, यरुशलेम, यहूदियाको दक्षिण प्रान्त सम्मका र सामरियाका भिँडहरू उहाँकहाँ आएका थिए। त्यसमा समुद्री ततको टुरोस वा टायर र सिडोनका मानिसहरू थिए भनिएको छैन। यी प्रान्तहरू गालिल प्रान्तको उत्तरपश्चिममा पर्छ। भुमध्य सागरको फोनिसिया देशका भागहरू थिए। इस्राएल देशका वरिपरि रहेका देशका मानिसहरू उहाँकहाँ आए तर टुरोस र सिडोनका मानिसहरू नआएकोले उहाँ त्यहाँ जानुभएको थियो। उहाँ आफ्ना सभ्यता वा संस्कार भन्दा बाहिर गएर मिसन यात्रामा जानुभएको थियो।

"फरिसीहरूसँग सामना गर्नुभएपछि येशू कपरनुमबाट निस्कनुभएर गालिललाई नागेर फिनिसियाका सीमानाहरूमा रहेका पहाडी क्षेत्रमा विश्राम लिन जानुभएको थियो। पश्चिमतिर उपत्यकामा भएको पौराणिक टुरोस् र सिदोनका सहरहरू उहाँले हेर्नुभएको थियो। ती सहरहरूमा मूर्तिपूजाका मन्दिरै मन्दिरहरू थिए। त्यहाँ भएको भव्य दरवार र भवनहरू, व्यापार केन्द्रहरू र जहाजहरूले भरिएका समुद्री किनारहरू हेर्न लायकको थियो।" एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ३९९।

***सहरबजार, भव्य भवनहरू र अनेकौं व्यापार केन्द्रहरू र त्यहाँ भएका मानिसहरूको जीवन केवल क्षणिकमात्र हुन् र तिनीहरूलाई येशूको खाँचो छ भनेर हामीले कसरी महसुस गराउने?***

## ३. टुरोस र सिदोन

मत्तीको सुसमाचार विशेष गरेर यहूदीहरूलाई लेखेका थिए भने लूकाको सुसमाचार विशेष गरेर अन्य जाति वा अयहूदी पाठकहरूको निम्ति लेखिएका थिए भनेर बाइबलका विद्वानहरूले विश्वास गर्छन्। जब हामी सुसमाचारका पुस्तकहरू अध्ययन गर्छौं तब ती भिन्नतहरूलाई याद गर्नु असल हुन्छ।

**कनानी स्त्रीको बारेमा मत्ती र मर्कुसले केही हदमा फरक ढँगले प्रस्तुत गरेका छन्। ती भिन्नताहरू के हुन्? हेर्नुहोस, "तब येशू त्यहाँबाट निस्कनुभयो, र टुरोस र सीदोनका इलाकातिर जानुभयो। त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, "हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।**

मेरी छोरीलाई भूतले साह्रै सताएको छ।" येशूले त्यसलाई केही जवाफ दिनुभएन। उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, "यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रो पछि लागिरहिछे।" उहाँले भन्नुभयो, "म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।" तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, "हे प्रभु, मलाई सहायता गर्नुहोस्।" उहाँले भन्नुभयो, "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन।" त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।" तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली।" मत्ती १५:२४-३० र " त्यहाँबाट उठेर उहाँ टुरोस र सीदोनका सीमातिर गएर एउटा घरभित्र पस्नुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँ चाहनुहुन्थ्यो, तर उहाँ गुप्त रहन सक्नुभएन। त्यसै बेला एउटी स्त्रीले उहाँको विषयमा सुनी र आएर उहाँको पाउमा परी- त्यस स्त्रीको छोरीलाई अशुद्ध आत्मा लागेको थियो। त्यो सिरियाको फोनिकेमा जन्मेकी एउटी ग्रीक स्त्री थिई। त्यस स्त्रीले आफ्नी छोरीबाट भूत निकालिदेऊन् भनी उहाँलाई बिन्ती गरी। उहाँले त्यसलाई भन्नुभयो, "पहिले छोराछोरीहरूलाई खान देऊ, किनकि छोराछोरीहरूका रोटी लिएर कुकुरहरूलाई फालिदिनु उचित होइन।" तर त्यसले उहाँलाई भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त छोराछोरीहरूले टेबिलमुनि खसालेका टुक्राहरू खान्छन्।" उहाँले त्यसलाई भन्नुभयो, "तिमीले यसो भनेको कारण नै तिमी घर जाऊ। तिम्री छोरीबाट भूत निस्केर गएको छ।" त्यो घरमा गई र छोरीलाई खाटमा सुतिरहेकी भेट्टाई र त्यसबाट भूतचाहिँ निस्किसकेको थियो।" मर्कूस ७:२४-३०।

त्यस आमा कनानी हुन् भनेर त्यस स्त्रीको राष्ट्रियता र जात लेख्छन्। पवित्र आत्माको अगुवाइमा मर्कुसले उनको चिनारीमा थप्छन्। उनी ग्रीक वा अन्यजाति र जन्मबाट सिरो फोनिके वा फोनिकेको सिरियाली हुन् भनेर उल्लेख गर्दछन्। यो शब्द बाइबलमा केवल एक पटकमात्र प्रयोग गरिएको छ।

यहूदीहरूको निम्ति लेखिएको मत्तीको सुसमाचारमा लेखिएको यो कथा तिनीहरूले पढे भने तिनीहरुको दृष्टिकोण कस्तो हुने होला? मत्तीका पाठकहरूले त्यस स्त्री यहूदीहरूले तिरस्कृत अन्य जाति वा पानि नचल्ने जाति

भनेर ठानेका हुन्थे। यहूदीहरुको निम्ति कनानीहरूको पृष्ठभूमि नकरात्मक थियो। तिनीहरू मूर्तिपूजा गर्ने, घृणास्पद धार्मिक रहनसहन र यहूदीहरूको निम्ति तगारो भएर खडा भएको समाज थियो।  येशूकै चेलाहरूमा पनि त्यस स्त्रीमा येशूप्रतिको आस्था थियो भन्ने कुरामा विश्वास गर्दैनथे। उनी परमेश्वरको राज्यमा सहभागी हुन योग्यकी थिइनन् भन्ने मिजासमा चेलाहरू थिए।

मर्कूस ७ मा मर्कूसको अन्यजाति पाठकहरूको प्रतिक्रिया मत्तीका पाठकवर्गभन्दा फरक हुनसक्थ्यो। जुन दृष्टिकोण कनानीहरूप्रति यहुदीको थियो त्यो अन्य जातिहरूमा थिएन। त्यस स्त्री सम्माननीय सभ्यता ग्रीक सिरो फेनिकेको जन्मसिद्ध नारी थिइन् भनेर ती अन्य जातिहरूले हेर्दथे। येशूले आफ्नै जातिकी आमाको अनुरोधलाई स्वीकार्दै उनकी छोरीलाई निको पार्नुभएको अन्य जातिले सराहना गर्न स्वभाविक नै थियो। ती महिला आफ्नो समाजको प्रिय र आदरणीय आमा जसले आफ्नी छोरीको उच्चतम हित खोज्दै स्वामी येशूकहाँ आएर गरेको अनुरोधलाई अन्यजातिको निम्ति उनी श्यावासको पात्र बनेकी हुनुपर्दछ। येशूले जात, धर्म, देशविदेश, रङ्ग र नरनारीको पृष्टभूमिलाई नहेर उनको  सेवा गर्नुभएको थियो।

"त्यस आमाको अनुरोधलाई ख्रीष्टले तुरन्तै जवाफ दिनुभएको थिएन। यहूदीहरूको संस्कारलाई मध्यनजरमा राखेर त्यस स्त्रीलाई तिरस्कृत जाति भनेर देखाउनुभएको थियो। यहूदीहरूले उनलाई के गर्ने थिए त्यही उहाँले क्षणिक समय देखाउनुभएको थियो। यस मामिलामा यहूदीहरूले त्यस स्त्रीप्रति कस्तो कठोर र निर्दयी भएर व्यवहार गर्थे भनेर उहाँका चेलाहरूले देखुन् भन्ने येशूको योजना थियो। तर जुनरूपमा अन्तमा आएर त्यस स्त्रीलाई करुणा र आदर देखाएर उनको अनुरोधलाई स्वीकार गर्नुभएको त्यो यस संसारमा आफू आएको सक्कली कारण चेलाहरूलाई देखाउनुभएको थियो। उहाँले उनको बिन्तिलाई स्वीकार गरेको जस्तै आपद, सन्ताप, निराशमा परेका मानिसहरूलाई जात, धर्म, देशविदेश नभनी चेलाहरूले पनि मानप सेवा गर्नुपर्छ भन्ने ज्वलन्त र अनुसरणीय उदाहरण देखाउनुभएको थियो।"एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ४००बाट रूपान्तिरित।

***परमेश्वरको सामु हामी सबै समान छौं भनेर १ यूहन्ना २:२ले कसरी बताउँछ? हेर्नुहोस्, "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।"***

## ४. "उनलाई जाउ भन्नुहोस्! "

परमेश्वरको बारेमा थाहा नपाएको र वास्ता नगरिएका छिमेकीहरू सहरमा बस्दछन्। तिनीहरू आशाको निम्ति भोको हुन्छन्। ख्रीष्टको समयमा परमेश्वरका जनहरूले मसीहको बारेमा ती विदेशी सहरहरूमा किन आशा दिएनन्? राष्ट्रियता, जातियता, आफूमात्र धर्मको पेवा ठानेका, पूर्वाग्रह, अभिमान जस्ता तत्वहरूले परमेश्वरका जनहरूको आँखा अन्धो बनाएको थियो। येशूको पहिलो आगमनको बारेमा अगमवक्ताहरूले गरेका भविष्यवाणीहरू विदेशी सहरहरूमा सुनाउने अवसर ती यहूदीहरू चुकेका थिए। आज पनि सहरहरूमा मानिसका धेरै समूहहरू छन् जसलाई "धन्यको आशा" वा येशूका दोस्रो आगमनको (तितस २:१३) बारेमा सुनाओस् भन्ने येशू चाहनुहुन्छ। मानिसहरूको धर्म, जात, राष्ट्रियता आदि येशूले वास्ता नगर्नुभएको जस्तै हामीले पनि ती तत्वहरूप्रति वास्ता गर्नुहुन्न।

**प्रेरितमा पवित्र आत्माले सिकाउनु भएको पाठलाई हामीले निचोडमा कसरी उतार्ने? हेर्नुहोस,"कैसरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, "कर्नेलियस!" भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, "प्रभु, भन्नुहोस्।" अनि उनले तिनलाई भने, "तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने पुगेका छन्। अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।"**

**जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए।**

**भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको**

तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।"

तर पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।"

त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, "परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।" तीन पल्टसम्म यस्तो भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो।

जब पत्रुस आफूले देखेको यो दर्शनको अर्थ के होला भनेर मनमनै अन्योलमा परेका थिए, त्यति नै बेला कर्नेलियसले पठाएका मानिसहरू सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए, "पत्रुस भनिने सिमोन यहाँ बसेका छन् कि?" भनी उच्च सोरमा सोधे।

जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको हुँ।"

तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने, "हेर, तिमीहरूले खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण के हो?"

तिनीहरूले भने, "एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई आदेश मिलेको छ। तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको सत्कार गरे।

भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय भाइहरू तिनको साथ लागे। पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरूको बाटो हेरिरहेका थिए। जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे। तर पत्रुसले उनलाई यसो भन्दै उठाए, "उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।"

तब तिनी उनीसँग कुरा गर्दै घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए। तब पत्रुसले तिनीहरूलाई भने, "अरू जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी देखाउनुभएको छ। यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयो? अब भन्नुहोस्।"

तब कर्नेलियसले भने, "चार दिनअघि प्रायः यही समय घरमा म तीन बजेको प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक पहिरेका एक जना मानिस मेरो सामुन्ने खड़ा भए, र भने, 'कर्नेलियस, परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको सुनाइ भएको छ, र तिमीले गरीबहरूलाई दिएका दानको सम्झना भएको छ। यसकारण योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ । तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।' तब मैले तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ उपस्थित छौं।"

तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। परमेश्वरले इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।) यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा यहूदियाभरि प्रचार गरिएको वचन यही हो, कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।

"अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो,

र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।"

पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, "हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ?" अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे।" प्रेरित १०।

दिउँसो खानाको निम्ति कौसीमा पर्खिरहेका पत्रुसालाई दर्शन दिएको थियो। त्यहाँ अशुद्ध पशुपंक्षीहरूले भरेको तन्ना उनकहाँ ओरालिएको थियो। उनले तीन पल्ट देखेको दिव्य दर्शनमा ती बस्तुहरू खाउ भनेर आकाशवाणी भएको थियो। पत्रुसको धार्मिक र जातियता अभिमान र अन्य जातिहरूप्रति भएको पूर्वाग्रहको परमेश्वरले भन्दाफोर गर्नुभएको थियो। आखिरमा पत्रुसले त्यो दिव्यदर्शनको सत्य अर्थ बुझ्न सफल भएः "तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देखतछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ।" प्रेरित १०:३४ ,३५।

यस पृष्ठभूमिलाई मध्यनजर गर्दै टुरोस र सिदोनमा भएको कथालाई अघि बढाऔं। येशू र आमाको बीचमा भएको प्रतिक्रिया पढ्नुहोस्। त्यस यात्रामा येशूका चेलाहरूले के पाठ सिके ताकि पत्रुसले आफ्नो दिव्यदर्शनसँग गाँस्न सकेका थिए? यो तथ्य हाम्रो जीवनको लक्ष्यमा कसरी प्रयोग गर्न सक्छौ? अन्तिम युगको सन्देश सुनाउन येशूले गर्नुभएको आह्वानलाई हामीले कसरी लिने? सहरको आवश्यकताप्रति संवेदनसील हुन हामीलाई केले रोकिरहेको छ? हाम्रो सामु पूर्वाग्रह, राष्ट्रियता, जात, वर्ण, लिङ्ग र धार्मिक अर्थात् आत्मिक अभिमानका पर्खालहरू कसरी तोड्ने? सहरहरूमा हाम्रो लक्ष्य

पूरा गर्न परमेश्वरले उपलब्ध गर्नु भएको अवसरहरूलाईप्रति हामी कसरी सजग हुने?

परमेश्वरको मुक्तिदिने योजना समस्त मानव प्राणीलाई हो भन्ने सत्यलाई चेलाहरूले बुझेका थिएनन्। उहाँले बढो धिरज अपनाएर तिनीहरूलाई सिकाउनुभएको थियो। परमेश्वर कुनै जाति र राष्ट्रको पेवा होइन भन्ने सत्यलाई येशूले जिकिर गरेर देखाउनुभएको थियो। सहरहरूमा हाम्रो लक्ष्य पूरा गर्न हामी भएको पूर्वाग्रह र पक्षपातलाई जित्न पवित्र आत्माले हामीलाई सहयोग गर्न सक्नुहुन्छ।

***वालयकालदेखि हामीले सिकेका जातिय संस्कार वा पूर्वाग्रहहरूलाई हटाउन कस्तो मुश्किल छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछ? हेर्नोस् ,"जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें। किनकि उनी दोषी थिए। याकूबले पठाएका मानिसहरू आउनभन्दा अघि उनले अन्यजातिहरूका साथमा खाने गर्दथे। तर जब तिनीहरू आइपुगे तब उनी अन्यजातिहरूबाट पछि हटेर अलग भए, किनकि उनी खतनाका दलदेखि डराएका थिए। अरू बाँकी यहूदीहरूले पनि त्यस्तै कपटपूर्ण काम गरे। यहाँसम्म, कि तिनीहरूको कपटपूर्ण व्यवहारले गर्दा बारनाबास पनि भड्केर गए।" गलाती २:११-१३।***

## ५. यस संसारमा परमेश्वरमाथि विश्वास गर्ने कोही होला र?

न्यायधिससँग न्यायको भिष माग्ने विधवीको अर्तिकथाको अन्तमा येशूले भन्नुभएको थियोः " मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा साँच्चिकै विश्वास भेट्टाउनेछ र?" लूका १८:८। हामी येशूका अनुयायीहरू भएको हैशियतले येशूले के खोजिरहनुभएको छ सो बुझ्नु आवश्यक छ। अन्धकारको समयमा पनि विश्वास कसरी चम्किन सक्छ भन्ने यस कथामा हामी पाउँछौं।

**विश्वास तथा आस्था कोसँग हुन्छ भनेर येशूले भन्नुभएको देहायका पदहरूले कसरी प्रस्तुत गर्दछ? हेर्नुहोस् , "उहाँ डाँड़ाबाट ओर्लनुभएपछि ठूलो भीड उहाँको पछि लाग्यो। एक जना कुष्ठरोगी उहाँकहाँ आयो, र उहाँको अगि घुँड़ा टेकी यसो भन्यो, "हे प्रभु, तपाईंको इच्छा भए मलाई निको पार्न सक्नुहुन्छ।" उहाँले आफ्नो हात पसारेर त्यसलाई छुनुभयो, र भन्नुभयो, "म इच्छा गर्छु, तिमी निको भइजाऊ।" तुरुन्तै त्यसको कुष्ठरोग निको भइगयो। तब येशूले**

त्यसलाई भन्नुभयो, “कसैलाई नभन्नू। तर जाऊ, र आफूलाई पूजाहारीकहाँ देखाऊ, र मोशाले आज्ञा गरेको भेटी चढ़ाऊ, र मानिसहरूलाई प्रमाण होस्।” येशू कफर्नहुममा पस्नुहुँदा एक जना कप्तान उहाँकहाँ आएर बिन्ती गर्न लागे। तिनले भने, “हे प्रभु, मेरो नोकर पक्षाघातले साह्रै दुःख पाएर घरमा ओछ्यान परेको छ।” उहाँले तिनलाई भन्नुभयो, “म आएर त्यसलाई निको पार्नेछु।” तर कप्तानले भने, “हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ। किनकि म पनि अधिकारीहरूका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एक जनालाई ‘जा” भन्छु, अनि त्यो जान्छ, र अर्कालाई ‘आइज’ भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई ‘यसो गर’ भन्छु, अनि त्यसले त्यो गर्छ।” तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ। म तिमीहरूलाई भन्दछु, पूर्व र पश्चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक र याकूबसँग स्वर्गका राज्यको भोजमा बस्नेछन्। तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।” तब येशूले कप्तानलाई भन्नुभयो, “जाऊ, जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस्।” अनि त्यो नोकर त्यही घड़ी निको भयो।" मत्ती ८:१-१३; "त्यसपछि येशू डुङ्गामा चढ़ेर पारि जानुभयो, र उहाँको आफ्नो सहरमा आउनुभयो। मानिसहरूले खाटमा पस्रिरहेको एक जना पक्षाघातिलाई उहाँकहाँ ल्याए। येशूले तिनीहरूको विश्वास देखेर पक्षाघातीलाई भन्नुभयो, “छोरा, साहस गर। तिम्रा पाप क्षमा भए।” मत्ती ९:१-२; "उहाँहरू यरीहोबाट जाँदैगर्नुहुँदा, एउटा ठूलो भीड उहाँको पछि लाग्यो। बाटोको छेउमा बसिरहेका दुई जना अन्धाहरूले येशू त्यो बाटो जाँदैहुनुहुन्छ भन्ने सुनेर यसो भनी चिच्च्याए, “हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्।”

भीड़ले तिनीहरूलाई चूप लाग भनी हप्कायो, तर तिनीहरू यसो भन्दै झन् साह्रो कराए, “हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्।” तब येशू अड़िनुभयो र तिनीहरूलाई बोलाएर भन्नुभयो, “तिमीहरू के चाहन्छौ? म तिमीहरूका निम्ति के गरिदिऊँ?” तिनीहरूले उहाँलाई भने, “हे प्रभु, हाम्रा आँखा खोलिदिनुहोस्।” येशूले टिठ्याएर तिनीहरूका आँखा छोइदिनुभयो र उत्तिखेरै तिनीहरूले दृष्टि पाए र तिनीहरू उहाँको पछि लागे।" मत्ती २०:२९-३४;

"केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने। अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई पुऱ्याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए। येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।" तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?" अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर हिँड़' भन्नु, कुनचाहिँ सजिलो छ? तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ।" त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो। यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।" मर्कूस २:१-१२; "त्यसपछि उहाँहरू यरीहोमा आउनुभयो, र उहाँ आफ्ना चेलाहरू र ठूलो भीड़सहित यरीहोबाट निस्कनुहुँदा तिमैको छोरो बारतिमै, एक जना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो। जब त्यसले उहाँ नासरतका येशू हुनुहुन्छ भन्ने सुन्यो, तब कराएर त्यसले भन्न लाग्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" तब धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए। तर त्यो झन् चर्को गरी कराउन लाग्यो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" तब येशू टक्क अड़िनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ।" अनि तिनीहरूले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाड़स गर, उठ, उहाँले तँलाई बोलाउँदैहुनुहुन्छ।" अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो। येशूले त्यसलाई भन्नुभयो, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ?" त्यस अन्धो मानिसले उहाँलाई

**भन्यो, "रब्बी, म दृष्टि पाऊँ।" अनि येशूले त्यसलाई भन्नुभयो, "तिम्रो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" तब तुरुन्तै त्यसले दृष्टि पायो, र बाटोमा येशूको पछिपछि लाग्यो।" मर्कूस १०:४६-५२ र उहाँ यरीहोको नजिक पुग्नुभयो। त्यहाँ एक जना अन्धो बाटोको छेउमा बसेर भीख मागिरहेको थियो। एउटा भीड छेउबाट गइरहेको सुनेर 'यो के हो?' भनेर त्यसले सोध्यो। मानिसहरूले त्यसलाई भने, "नासरतका येशू यतैबाट जाँदैहुनुहुन्छ।"**

**तब त्यो यसो भन्दै करायो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्!" अगिअगि हिँड्नेहरूले त्यसलाई चूप लाग् भनेर हप्काए, तर त्यो झन् साह्रो करायो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्!" येशू अडिनुभयो, र त्यसलाई आफूकहाँ ल्याउने आज्ञा गर्नुभयो। त्यो नजिक आएपछि उहाँले त्यसलाई सोध्नुभयो, "तिमी के चाहन्छौ? म तिम्रो निम्ति के गरूँ?" त्यसले भन्यो, "प्रभु, म देख्न सकूँ"। तब येशूले त्यसलाई भन्नुभयो, "तिमी देख्ने भइजाऊ। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" अनि तुरुन्तै त्यो देख्ने भयो, र परमेश्वरको प्रशंसा गर्दै त्यो उहाँको पछि लाग्यो। यो देखेर सबै मानिसहरूले परमेश्वरको प्रशंसा गरे।" लूका १८:३५-४३।**

अन्धकार सहरहरुमा विश्वास कसरी चम्केको थियो भनेर माथिका कथाहरूले हामीलाई बताउँदछ। कपर्नुनम धेरै मानिसहरूले कसरी विश्वास देखाए भनेर येशूले उल्लेखनीय रुपमा व्यक्त गर्नुभएको थियो। मत्ती ८:१०-१३ को कथा मूर्तिपूजाबाट परमेश्वरमा विश्वास गरेका कप्टानको कस्तो गहिरो विश्वास रहेछ भनेर सुनाउनुहुन्छ। अनि मत्ती ९:२ र मर्कूस २:५मा विश्वासले भरिएका साथीहरूले कसरी छानानै उघारेर आफ्नो पक्षघाती साथीलाई येशूको सम्मुख ओरालेका थिए भनेर वर्णन गरिएको छ। मर्कूस १० मा अन्धो बर्तिमियासको बारेमा पढ्छौं। यरिहोमा उसको विश्वास कसरी चम्केको थियो भनेर उल्लेख गरिएको छ। येशूको क्रियाकलापहरू देखेतापनि यहूदीहरूमा ठूलो विश्वास हुनुपर्ने हामी अपेक्षा गर्दछौं। येशूको आफ्नै गाउँघर नाजरथका मानिसहरूले उहाँलाई सरासर हेपेर उहाँमाथिको विश्वास जगाउन तिनीहरु असफल भएका थिए। त्यसले गर्दा आफ्नै गाउँमा येशूले धेरै सेवाकार्य गर्न सक्नुभएको थिएन। आफ्नै चेलाहरूलाई येशूले धेरै पल्ट हप्काउनुभएको थियो, "तिमीहरूको विश्वास कति सानो छ! ("(मत्ती ६:३०, मत्ती ८:२६, मत्ती १४:३१, मत्ती १६:८)। अनि मत्ती १७:१७मा भावुक भएर दिक्क मान्दै यो चित्कार गनुभएको थियो, तब येशूले भन्नुभयो, "ए अल्पविश्वासी र भ्रष्ट पुस्ता,

कहिलेसम्म म तिमीहरूका साथमा रहनेछु? कहिलेसम्म मैले तिमीहरूलाई सहनु!"

मानिसले अपेक्षा नगरेका ठाउँहरूमा विश्वास पाइने रहेछ भनेर ती कथाहरुबाट हामी सिक्न सक्छौं। सहरहरूमा देशी होस् वा विदेशीहरू होस्, मुर्ति पूजा गर्नेहरूको बीचमा होस् वा विभिन्न धार्मिक समूदायहरूमा होस्, विश्वासको दियो बल्ने रहेछ। नम्र र कोमल भएर येशू जस्तै हामी पनि सहरहरूमा जानुपर्दछ। सत्यलाई खोजी गर्नेहरूलाई हामीले भेट्टाउन सक्नुपर्छ र सत्यलाई प्रस्तुत गर्नुपर्छ। ती मानिसहरूले येशूको मुक्तिदिने विश्वासमा लाग्न सक्छन्। तिनीहरू सर्वत्र छन् तर तिनीहरूलाई हामीले भेट्टाउनुपर्दछ।

**चुनौतीः** *नजिक र टाढा रहेकाहरूलाई तपाईंको विश्वास र आस्था सुनाउने अवसरको निम्ति प्रार्थना गर्नुहोस्।*

**चुनौतीलाई निरन्तरता दिनः** *तपाईं आफै येशू र तीन स्वर्गदूतहरूको अमूल्य सत्यलाई कसरी थाहा पाउनुभयो? तपाईंको जीवनमा येशूबाट पाउनुभएको अनुभवमा तीन आत्मिक आशिषहरूको सूची बनाउनुहोस् र साथीभाइहरूलाई सुनाउनुहोस्।*

**उपसंहारः**

**थप जानकारीः** "यहूदीहरूले अन्यजातिहरूलाई तिरस्कार गरेतापनि तिनीहरूमा कतिपय मानिसहरू थिए जसले मसीहको भविष्यावाणीको बारेमा असल ज्ञान थियो जुन इस्राएलका धर्मगुरुहरूमा थिएन। उद्धारकर्ता आउनुभएर तिनीहरूका पापहरू हटाउनेछन् भन्ने आशा गरेका धेरै मानिसहरू थिए। कतिपय दार्शनिक र विद्वानहरूले हिब्रू आर्थिक रहस्यबारे अध्ययन गरेका थिए। तर यहूदीहरूको पक्षपाती विग्रहले तिनीहरूलाई दिइएको आत्मिक ज्ञानको ज्योति फैलाउन सकेका थिएनन्।" एलेन जी. ह्वाइट *द डिजाएर अभ एजेज्* पृ. ३३।

"प्रभु येशू शक्तिशाली मुक्तिदाता हुनुहुन्छ जो ती मानिसहरूको निम्ति प्राण दिनुभएको थियो। तिनीहरूमा भएको पूर्वाग्रहबाट तिनीहरूलाई उठाउन सक्नुहुन्छ, येशूप्रति तिनीहरूको माया उहाँले जगाउन सक्नुहुन्छ, उहाँले तिनीहरूका हृदयहरूलाई नरम बनाउन सक्नुहुन्छ, सत्यको सौन्दर्यता र शक्तिलाई तिनीहरूका हृदयहरूमा उहाँले कोर्न सक्नुहुन्छ।

परमेश्वर निपुण गुरु कामदार हुनुहुन्छ। उहाँ बध शरीर भएको मानिस जस्तो होइन। यद्यपि उहाँले ती मानिसहरुलाई आह्वान गर्नुहुन्छ जसबाट अन्धकारमा रहेकाहरुलाई ज्योति बाँड्न सकुन्। सबै धर्म वा चर्चहरूमा परमेश्वरका हारहरू छन्। धर्मलाई मान्ने मानिसहरूको मूल्याङ्कन गरेर तिनीहरूलाई आलोचना गर्नु हाम्रो काम होइन।

तर हामी नम्र, कोमल र मायाभावले येशूमा भएको सत्यलाई मानिसहरूको सामु प्रस्तुत गर्नुपर्छ । येशूलाई विश्वास गर्नेहरूमा धर्मपरायणता देखुन्, उहाँप्रति भक्तिभावले आसक्त भएको मानिसहरूले देखुन्, येशूको चरित्र र मिजास तिनीहरूले देखुन्, जसको फलस्वरूप तिनीहरू सत्यतिर आकर्षित हुनेछ । येशूका भक्तहरूले येशूलाई उचाल्नुपर्दछ। उहाँ संसारको मुक्तिदाता हुनुहुन्छ । तिनीहरूले जीवनको वचनलाई अगाडि उचालि राख्नुपर्दछ।" -एलेन जी. ह्वाइट, *द एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* जनवरी १७, १८९३।

**चिन्तनमनन:**

अ. तपाईं र तपाईंको चर्च रहेको समाजका तत्काल आवश्यकता के हो र त्यसको आपूर्ति गर्ने अवसर मिलोस् जसले गर्दा तिनीहरूकहाँ गएर सत्यहरूलाई प्रस्तुत गर्न सकियोस्।

आ. "सबै धर्म वा चर्चहरूमा परमेश्वरका हारहरू छन्। धर्मलाई मान्ने मानिसहरूको मूल्याङ्कन गरेर तिनीहरूलाई आलोचना गर्नु हाम्रो काम होइन" भन्ने एलेन जी. ह्वाइटको कथनप्रति मनन गर्नुहोस्। अर्थात मानिसहरूका गलतलाई हामीले कसरी औंल्याउने, त्यसै समय तिनीहरूलाई तल झारेर तिनीहरूको व्यक्तित्व र आस्थाको बारेमा आलोचना गर्दै तिनीहरूलाई चित्त नदुखाइयोस्।

ई. "जब मानिसको पुत्र आउँछ, के उनले यस संसारमा साँच्चिकै विश्वास पाउला वा विश्वास भएको मानिस भेट्टाउला?" लूका १८:८। यस जवाफ दिनुपर्ने प्रश्नको अर्थ के हो? विश्वास र आस्थाको वीचमा के भिन्नता छ? सत्य शिक्षादीक्षामा मानिस निपुण भएतापनि येशू आउनुहुँदा उहाँले उहाँमाथिको आस्थाबिनाको मानिस कसरी भेट्टाउन सक्नुहुनेछ?

## कथा ११

## माडम आनाटोमी

## अबिगेल

## घाना



अबिगेलले के गर्ने सो थाहा नै भएन। अरूभन्दा पनि उनी नर्स हुन चाहेकी थिइन्। तर घरमा पैसा नभएकोले उनले आफ्नो अध्ययनको निम्ति काम गर्नु परेको थियो। तर कामले गर्दा होमवर्क गर्न भ्याएको थिएन। उनले सेभेन्थ-डे एडभेन्टिस्ट नर्सिङ्ग कलेजमा भर्खर पढ्न सुरु गरेको थियो। शरीर संरचना वा आनोटोमी र शारीरिक विज्ञान उनको निम्ति धेरै कठिन थियो। ती विषयहरूलाई नबुझेकोले बेलुकी उनी रुन्थी। बिहान उठ्ने बितिक्कै फेरि रुन्थी। उनी आठवटा कक्षामा जानुपर्थ्यो। उनको कामले गर्दा होम वर्क गर्न समय थोरै थियो। आफ्ना कक्षाका परीक्षाहरूमा पास हुन उनले परमेश्वरसँग प्रार्थना गरिन्। विशेष गरेर शरीर रचना वा आनोटोमी र शारीरिक विज्ञानमा पास हुन परमेश्वरसँग सहयोग मागिन्।

कक्षामा पहिलो आनोटोमी र शारीरिक विज्ञानको लिएको परीक्षाको सबभन्दा बेसी नम्बर ७५ प्रतिशत थियो भनेर शिक्षकले बताए। आफूले केवल ३५ प्रतिशत मात्र पाएको होला भनेर अबिगेलले सोचिन्। सबभन्दा धेरै मार्क ल्याउने को भनेर शिक्षकले बताएनन्। अर्को दिन पनि उनले प्रश्नोउत्तरको कापी विद्यार्थीहरूलाई फर्काइएको थियो। अबिगेलले ७५ प्रतिशत पाएकी थिइन्। उनले त विश्वासै गर्न सकिनन्। उनको सँगैको साथीले सोधिन्, "तिमीले कति नम्बर पायौ?" अबिगेलले आफ्नो कापी देखाइन्। "ओ, कक्षामा धेरै नम्बर ल्याउने तिमी पो रहेछौ!" उनी अचम्म मानेर बोलिन्। अबिगेललाई लाज लाग्यो र कसैलाई नभन्नु भनेर साथीलाई अनुरोध गरिन्। उनले पनि हुन्छ भनिन्।

जब मध्य टर्मको परीक्षामा अबिगेलले सतप्रतिशत पाइन् तब उनको गोप्य थाहा भयो। सबैको सामु शिक्षकले उनलाई सम्बोधन गर्दै भने, "तिमीले पहिलो जाँचमा धेरै नम्बर ल्यायौ। अब दोस्रो जाँचमा तिमीले सबभन्दा धेरै नम्बर ल्यायौ। अहिले मध्य टर्मको परीक्षामा सतप्रतिशत ल्यायो। आफ्नो

कक्षाका साथीहरूबाट तिमी नलुक। जब मैले क्लासमा प्रश्न सोध्छु तब जवाफ दिन नहिचकिचाउनु।"

अबिगेलले कक्षामा हुने प्रश्न उत्तरमा बोल्न थालिन्। जब शिक्षकले प्रश्न गर्थे त्यसको जवाफ तुरन्तै दिन उनलाई अपठ्यारो भएन। कहिलेकाहीँ उनले हातै नउठाइ जवाफ दिन्थिन्।

अब साथीहरूले उनलाई "माडम आनोटोमी" भनेर सम्बोधन गर्न थाले। जब साथीहरूले त्यस नाउँबाट उनलाई बोलाउँथे उनी हाँसेर जवाफ दिन्थी। जब अन्तिम परीक्षामा उनले शत प्रतिशत मार्क पाइन् तब उनी धेरै खुशी भएकी थिइन्।

आनोटोमी र शारीरिक विज्ञान र अरू कक्षाहरूमा राम्रो गरेकोले त्यसको श्रेय अबिगेलले परमेश्वरलाई दिएकी थिइन्। अहिले उनी तीन वर्षको नर्सिङ्ग कलेजमा आधा समय बिताइसकिन्। अरू विद्यार्थीहरूको भन्दा उनका मार्कहरू धेरै थिए। उनले आँशिक छात्रवृत्ति पनि पाइन् जसले गर्दा उनलाई कामको चाप कम भएको छ।

"मैले होइन, परमेश्वरले मेरो जीवनमा काम गरिरहनुभएको छ," भनेर उनले बताइन्। साप्ताहिक प्रार्थना कार्यक्रम सकिएपछि उनले बप्तिस्माद्वारा एडभेन्टिस्ट चर्चमा सरिक हुने निर्णय गरिन्। आफ्नो सारा हृदयले परमेश्वरलाई प्रेम गरेको र उहाँको निम्ति जिउने प्रतिबद्धता जनाइन्। तर घरमा उनले विरोधको सामना गर्नुपर्‍यो। उनको नजिकको नातेदारजो अर्कै इसाई सम्प्रदायका थिए, अबिगेलले आफ्ना इच्छा छोड्नु भनेर कर गरे। एडभेन्टिस्ट चर्चमा सामेल हुनु पाप हो भनेर उसले बताए।

अबिगेललाई के गर्ने थाहा भएको थिएन। आफ्नो समस्या परमेश्वरलाई सुम्पिनुबाहेक अर्को उपाय थिएन। अहिले उनी सहायताको निम्ति परमेश्वरसँग प्रार्थना गरिरहेकी छिन्। राम्रो मार्क ल्याउन उनलाई परमेश्वरले सहयोग गर्नुभएको उनलाई थाहा छ र बाँकि जीवन पनि उहाँले नै सहयोग गर्नुहुनेछ भन्ने कुरामा उनी ढुक्क छिन्। उनले सधैं परमेश्वरको सेवा गर्ने चाहना व्यक्त गरेकी छिन्।

*-आन्ड्र्यु मेकचेस्नी*